"शिक्षा, स्वास्थ्य, कृषि र वातावरण मैत्री पूर्वाधारः
पहिचान सहितको जानकी गाउँपालिका विकासको मूल आधार"

जानकी गाउँपालिका अध्यक्ष **श्री गणेश चौधरीज्यू**बाट
जानकी गाउँपालिकाको दशौं गाउँ सभामा प्रस्तुत
आर्थिक बर्ष २०७९/०८० को

# नीति तथा कार्यक्रम

## जानकी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### दुर्गौली, कैलाली

### सुदूरपश्चिम प्रदेश,नेपाल

“शिक्षा, स्वास्थ्य, कृषि र वातावरण मैत्री पूर्वाधार:
पहिचान सहितको जानकी गाउँपालिका विकासको मूल आधार”

# जानकी गाउँपालिका

## दशौं गाउँ सभा बैठकमा प्रस्तुत

## आर्थिक वर्ष २०७९/०८०

# नीति तथा कार्यक्रम

जानकी गाउँपालिकाको दशौं गाउँ सभा बैठकका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सभाका सम्पुर्ण सदस्यज्यूहरु, गाउँपालिकाका सम्पुर्ण कर्मचारी मित्रहरु र सञ्चारकर्मी मित्रहरु मेरो व्यक्तिगत तथा गाउँपालिका परिवारको तर्फबाट सम्पुर्णलाई हार्दिक कृतज्ञता सहित स्वागत गर्दछु ।

२०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचनमा जानकी गाउँपालिका बासी आदरणीय आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुले हामीलाई बिश्वास गरी निर्वाचित गराउनु भएकोमा धन्यवाद ज्ञापन गर्दै सबैप्रति आभार तथा कृतज्ञता प्रकट गर्दछु।

राष्ट्रिय स्वाधीनता, स्वाभिमान, लोकतन्त्र, दीगो शान्ति, सुशासन साथै यस क्षेत्रको विकास र समृद्धिका लागि जानकी गाउँपालिकाको नीति तथा कार्यक्रम गरिमामय यस गाउँपालिकाको दशौं गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरबको अनुभूति गरेको छु ।

इतिहासका विभिन्न कालखण्डमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र र राज्य पुर्नस्थापनामा अग्रगामी परिवर्तनका लागि भएको आन्दोलनमा आफ्नो प्राणको आहुति गर्नु हुने सम्पुर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धासुमन अर्पण गर्दछु । साथै सहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु । साथै विभिन्न राजनीतिक आन्दोलनको क्रममा बेपत्ता र पीडित नागरिकहरुप्रति उच्च सम्मान र सहानुभूति प्रकट गर्दछु।राष्ट्रियता स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संर्घष गर्नु हुने नेपाली नागरिक त्यसको नेतृत्व गर्नु हुने राजनीतिक दलका अग्रजहरु, नागरिक समाज, मानबअधिकारकर्मी, सञ्चार जगत लगायत सम्पुर्णमा उच्च सम्मान र प्रशंसा गर्दै हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु ।

## आदरणीय उपस्थित गाउँ सभाका सदस्यज्यूहरु ,

नेपालको संविधान अनुरुप नयाँ ढाँचामा प्रशासनिक व्यवस्थापन गर्नु पर्ने चुनौतीसँगै जानकी गाउँपालिकाको भौतिक पुर्वाधार विकास भई नसकेको र प्रशासनिक भवनको अभावका बीचमा गाउँपालिकालाई अगाडि बढाउँदै लैजानु पर्ने चुनौतीहरु हामी माझ विद्यमान छन् । यस आर्थिक बर्ष प्रशासकीय भवन निर्माण कार्यलाई अगाडी बढाईने छ । गाउँबासीहरुको आकांक्षामा बढोत्तरीलाई एकैपटक सम्बोधन गर्न बिद्यमान स्रोत साधनको सिमितताले पुरा नहुन सक्छ, यद्यपि यी चुनौतीहरु हामी माझ भईरहँदा पनि आगामी दिनहरुमा गाउँबासीको आवश्यकताहरुलाई सम्बोधन गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

अब म गाउँपालिकाको आगामी आ.ब. २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माणका आधारहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१. नेपालको संविधान, २०७२
२. स्थानीय सरकार संचालन ऐन, २०७४
३. स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)
४. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
५. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
६. संघीय र प्रदेश सरकारबाट जारी भएका नीति, कानून तथा मापदण्डहरू
७. गाउँपालिकाले तयार पारेका नीति, कार्यविधि, निर्देशिकाहरू
८. बिषयगत समितिबाट आएका नीतिगत विषयहरू
९. स्थानीय सरोकारवालाहरूसँगको सुझावहरू

## गाउँ सभा सदस्यज्यूहरु,

अब म गाउँपालिकाको आगामी आ.ब. २०७९।०८० को बार्षिक विषयगत क्षेत्र अर्न्तगत नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## क्षेत्रगत नीति तथा कार्यक्रमहरूः-

## (क) आर्थिक विकास क्षेत्र

### १. कृषि विकासः-

१.१. उत्पादनमा आधारित अनुदानको प्रबन्ध मिलाईने छ ।

१.२. कृषि तथा पशुपालन पेशालाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ सहुलियत कृषि कर्जा उपलब्ध गराउन वित्तिय संघसंस्थाहरुसंग समन्वय गरिने छ ।

१.३. कृषि यन्त्र प्रयोगको पहुँचका लागि **कस्टम हायरीङ्ग एप** सन्चालनमा ल्याईने छ ।

१.४. बैदेशिक रोजगारी गुमाएर फर्कनु भएका तथा बेरोजगार बस्नु भएका सम्पूर्ण जानकी गाउँबासी नागरिकलाई कृषि तथा पशुपालन व्यावसायमा उन्मुख वनाई आत्मनिर्भर र स्वावलम्वी बनाउने उद्देश्यका साथ कृषि तथा पशुपालन पेशालाई उच्च प्राथमिकता दिइनेछ ।

१.५. कृषि उत्पादकत्व बृद्धि गराउन उन्नत जातका बीउ तथा मलको ब्यवस्था अनुदानमा मिलाईने छ ।

१.६. कृषि वालीको उत्पादन र उत्पादकत्व ह्रास हुन नदिन बालीमा आकस्मिक देखा पर्ने रोग किरा ब्यवस्थापनका लागि जैविक विषादी प्रयोगका लागि जनचेतनामुलक कार्यक्रम लागु गरिने छ ।

१.७. कृषि वालीको उत्पादन र उत्पादकत्व बृद्धिका लागि कृषि चक्लावन्दी (ब्लक) कार्यक्रम ल्याईने छ ।

१.८. कृषि उपज प्रवर्द्धन तथा बाली उत्पादन लागत कम गर्न कृषक समूह तथा कृषि सहकारी संस्थाहरुका लागि कृषि उपज ढुवानी साधनको ब्यवस्था मिलाईने छ ।

१.९. एकल तथा द्धन्द पिडित महिला स्वरोजगार कार्यक्रम ल्याईने छ ।

१.१०. कृषि विमामा आधारित खेती प्रणाली अवलम्वन गरिने छ ।

१.११. कृषक तथ्यांकलाई अध्यावधिक गरि न्यायोचित, समान रुपमा अनुदान प्रवाह गर्ने कार्यक्रम ल्याईने छ ।

१.१२. जानकी ४ गायत्रीमा रहेको कृषि अनुसन्धान तथा तालिम केन्द्रलाई व्यवस्थित गरी आवश्यक कार्य अघि बढाईने छ ।

१.१३. कृषि प्राविधिक क्षमता अभिवृद्धि गरी विद्यार्थी स्वरोजगार कार्यक्रम लागु गरिने छ ।

## २. पशु विकासः-

२.१. गाउँपालिकामा सामुदायिक (छाडा) पशु चौपाया व्यवस्थापन गर्नका लागि सरोकारवाला, विज्ञ र छिमेकी स्थानीय तहसँग समन्वय र सहकार्य गरी व्यवस्थापन गरिने छ ।

२.२. विश्व व्यापार संगठन तथा विश्व पशु स्वास्थ्य संगठनको मापदण्ड अनुसार पशुस्वास्थ्य सेवालाई किसानको माझ भरपर्दो, विश्वासिलो र आधुनिकीरण गर्न प्रेरित गरिने छ ।

२.३. स्थान बिशेषको सम्भाव्यताको आधारमा पशुपंक्षी बिशेषको पकेटहरुलाई केन्द्र बिन्दु मानी व्यवसायीक पशुपंक्षी पालन प्रणालीको बिकास गरिने छ ।

२.४. पशु तथा पशुजन्य पदार्थ उत्पादन वृद्धिका लागि नस्ल सुधारका लागि कृतिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२.५. वातावरण संरक्षण एवं जैविक विविधताको संबर्द्धन र उपयोग गर्दै पशुपन्छीहरुमा आधारित आयआर्जन गर्ने खालका पशुजन्य उद्यमको अभिबृद्धि गरी खाद्य सुरक्षा स्थिती सुदृढ गरिने छ ।

२.६. पशुपालन व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पर्ने प्राबिधिक दक्षता एवं क्षमता अभिबृद्धि गरिने छ ।

२.७. रोग लाग्नु भन्दा रोग लाग्न नदिनका लागि ब्यापकरुपमा खोप कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२.८. उत्पादनका आधारमा अनुदान कार्यक्रम संचालनगरि पशुपंन्छी तथा मत्स्य पालक कृषकहरुलाई व्यवसाय प्रति उत्प्रेरित गरिने छ।

## ३. प्रधानमन्त्री रोजगार कार्यक्रम

३.१ स्थानिय तहमा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरि सार्वजनिक पुर्वाधारको विकास निर्माण संगै सामाजिक संरक्षणको प्रत्याभुति गराईने छ ।

३.२ विभिन्न रोजगार मूलक विकास निर्माणका आयोजनाहरु र सिपमूलक तालिममा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईने छ ।

## (ख) सामाजिक विकास क्षेत्र

### १. सामाजिक विकास

१.१ स्थानीय कला संस्कृति र साहित्य जगेर्ना गर्न **साहित्यिक सम्मेलन** गरिने छ ।

१.२ लक्षितवर्ग तर्फ मुक्त कमैया/कम्लहरी, आदिबासीजनजाती, दलित, विपन्न महिला, मुस्लिम/अलपसंख्यक, बालबालिका, युवायुवती, जेष्ठ नागरीकका कार्यक्रमहरुलाई बिशेष प्राथमिकताका साथ अगाडि बढाईने छ ।

१.३ **सीप सिकौं रोजगार बनौं** अभियान कार्यक्रम सञ्चालनमा ल्याईने छ ।

१.४ सीपमूलक तालिम प्रदान गरी विपन्न व्यक्तिहरुलाई लघु उद्यम स्थापना गर्न उत्प्रेरित गरिने छ ।

१.५ सांस्कृतिक विविधताको संरक्षण, सुदृढिकरण र प्रवर्द्धनका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

१.६ विभिन्न बिधामा उत्कृष्ट कामगर्ने व्यक्तिहरुलाई सम्मान गरिनेछ ।

१.७ धार्मिक शिक्षा प्रदान गर्न मठ मन्दिर, चर्च र मस्जिदहरुमा धार्मिक पुस्तक तथा पुस्तकालयका लागि आवश्यक पहल गरिनेछ ।

१.८ बाल क्लब/संजाल गठन गरि आवश्यक कार्यक्रम सन्चालन गरिनेछ ।

१.९ बाल बिवाह बहु बिवाह अन्त्यका लागि रणनितिक योजना बनाई कार्यान्वयन गरिनेछ ।

## २. शिक्षा, युवा तथा खेलकुद

२.१ आधारभूत तह (कक्षा १-३) मा स्थानीय थारु भाषामा शिक्षण सिकाई कार्यक्रम संचालन गरिनेछ ।साथै स्थानीय थारु भाषालाई कामकाजी भाषाका रुपमा प्रयोगमा ल्याईनेछ ।

२.२ साताको १ दिन **मौलिक भेषभूषा तथा पहिरनमा** विद्यालय आउने वातावरण सृर्जना गरिनेछ।

२.३ **विद्यालयसँग अध्यक्ष कार्यक्रम** संचालन गरिनेछ ।

२.४ शिक्षामा सबै बालबालिकाको पहुँच र गुणस्तर अभिवृद्धि गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२.५ प्रारम्भिक बालविकास शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२.६ शैक्षिक गुणस्तर सुधार ल्याउन शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोगमा जोड दिईनेछ ।

२.७ विद्यालय अनुगमन, सुपरीवेक्षण तथा कक्षा अवलोकन कार्यलाई निरन्तरता दिईनेछ ।

२.८ सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर अभिबृदी गर्न सरोकारवालाहरुको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

२.९ सामुदायिक सिकाई केन्द्रको नियमन गरी सक्षमता विकास गरिनेछ ।

२.१० आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निः शुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निः शुल्क गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

२.११ सामुदायिक विद्यालयका निजि स्रोतका शिक्षकहरुको उचित व्यवस्थापन गरिनेछ ।

२.१२ सामुदायिक विद्यालयको शिक्षण सिकाईलाई प्रभावकारी बनाउन शैक्षिक तथा शैक्षणिक योजनाको प्रभावकारी कार्यन्वयन गरिनेछ ।

२.१३ सामुदायिक विद्यालयका प्रध्यानाध्यापकको नियमानुसार व्यवस्थापन गरी कार्यसम्पादन करार गरिनेछ ।

२.१४ कार्यसम्पादनको आधारमा सामुदायिक विद्यालयलाई पुरुस्कार को व्यवस्था गरिनेछ ।

२.१५ सामुदायिक विद्यालयको शैक्षिक पुर्वाधार निर्माण, मर्मत सम्भार, संचालन तथा व्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ ।

२.१६ महिला, दलित, मुस्लिम, लोपोन्मुख, मुक्त कम्लरी तथा अपाङ्गता भएका बालबालिकालाई शिक्षामा सहुलियत दिईनेछ ।

२.१७ सामुदायिक विद्यालयमा सूचना तथा संचार प्रविधिको पहुँच सुनिश्चित गरिनेछ ।

२.१८ बालविकास सहयोगी कार्यकर्ता, सहायक कर्मचारी तथा कार्यालय सहयोगीको लागि न्यूनतम पारिश्रमिकको व्यवस्थापनमा निरन्तरता दिईनेछ ।

२.१९ गाउँपालिकाको समन्वय तथा सहकार्यमा विद्यालय स्तरीय परीक्षा संचालन गरिनेछ ।

२.२० आधारभूत तह (कक्षा ६-८) मा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ

२.२१ विद्यालयमा खेलमैदानको निर्माण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२.२२ गाउँपालिका स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप प्रतियोगिता संचालन गरिनेछ ।

२.२३ सहभागितात्मक कार्यक्रम मार्फत गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा बगैचा निर्माण कार्यक्रम संचालन गरिनेछ ।

२.२४ सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड वितरणको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२.२५ सामुदायिक विद्यालयमा विद्यार्थी संख्या सिकाई उपलब्धी भौगोलिक दूरी लगायतका मापदण्ड तयार गरि विद्यालय समायोजन तथा शिक्षक कर्मचारी दरबन्दी मिलान गरिनेछ ।

२.२६ सामुदायिक विद्यालयहरुमा अपुग शिक्षकको लागि स्थानीय शिक्षकको व्यवस्थापन गरिनेछ ।

२.२७ संस्थागत विद्यालयहरुको नियमन तथा व्यवस्थापन गरिनेछ ।

२.२८ सामुदायिक विद्यालयहरुको शौचालय तथा विद्यालय परिसर सरसफाई गर्न कार्यक्रम संचालन गरिनेछ ।

२.२९ खेलकुद विकास समिति गठन गरी कार्यक्रम संचालन गरिनेछ ।

## ३.महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

३.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीती निर्माण गरी बालमैत्री,अपांगमैत्री, ज्येष्ठ नागरीक मैत्री र महिला मैत्री कार्यक्रमहरु सन्चालन गरिनेछ ।

३.२ अभिभावक विहिन बालबालिकाहरुको लागी उचित कार्यक्रमहरु संचालन गरिनेछ ।

३.३ परम्परागत प्रथा (लैङ्गिक विभेद,बालविवाह,बहु बिवाह, छाउपडी प्रथा, छुवाछुत प्रथा,सामाजिक कुरिती आदी) र तत् संम्बन्धमा भएका विभिन्न कानुनी व्यवस्थाहरु बारे सचेतीकरणका कार्यक्रमहरु संचालन गरिनुका साथै लैङ्गिक हिंसा,घरेलु हिंसा, महिला हिंसा न्यूनिकरण गर्दै महिलाहरुलाई सशक्तिकरणका कार्यक्रमहरु सन्चालन गरिनेछ ।

३.४ अपांगता भएका व्यक्तिहरुका हक,अधिकारका र परिचय पत्र वितरणका प्रक्रिया सम्बन्धि अभिमुखिकरण गोष्ठी संचालन गरिनेछ ।

## ४. स्वास्थ्य

४.१ सिकलसेल रोगको पहिचान गर्न उक्त रोगको स्क्रिनिङ्ग शिबिर सन्चालन गरिनेछ ।

४.२ गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापना गर्ने राष्ट्रिय नीति अनुसार सो स्थापनार्थ पहल गरिनेछ ।

४.३ स्वास्थ्य सेवाका आयामहरू प्रतिकारात्मक सेवा, प्रवर्द्धनात्मक सेवा, उपचारात्मक सेवा, पुनर्स्थापना सेवाहरू समेटेर स्वास्थ्यका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

४.४ पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउदै पोषण कार्यक्रमलाई थप प्रभावकारी गराइनेछ ।

४.५ स्वास्थ्य चौकी सामुदायिक स्वास्थ्य एकाई र खोप केन्द्र,आधारभुत स्वास्थ्य सेवा केन्द्र लाई व्यवस्थित गरिनेछ साथै औषधि तथा उपकरणको उपलब्धतामा बृद्धि गरिनेछ ।

४.६ आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन संघ,प्रदेश तथा गैर सरकारी निकाय सँग आवश्यक सहकार्यलाई बढाइनेछ ।

४.७ नसर्ने रोगको प्रकोपको न्यूनिकरणका लागि स्वास्थ्य प्रर्वद्धनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक र उपचारात्मक सेवालाई विस्तार गरिनेछ ।

४.८ पूर्णखोप सुनिश्चितताको अवस्थाको हरेक वर्ष समीक्षा गरिनेछ ।

४.९ कोल्ड बक्स फ्रिजर आदीको व्यवस्था गरी कोल्ड चेन प्रभावकारी बनाईनेछ ।

४.१० हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर राखिनेछ र पोषिला खानेकुराको प्रदर्शन गर्ने स्थानीय स्तरका पोषिला खानेकुराहरूको उपभोग वृद्धि गराउन सचेतना दिइनेछ ।

४.११ संघ तथा प्रदेशसँग समन्वय गरी हिउँदे याममा स्थायी बन्ध्याकरण शिविर सञ्चालन गरिनेछ ।

४.१२ स्वास्थ्य संस्थाहरूमा परिवार नियोजनका अस्थायी साधनहरु (डिपो / पिल्स / कण्डम/ IUCD / इम्पलान्ट ) नि:शुल्क उपलब्ध गराईने सेवा प्रभावकारी बनाईनेछ ।

४.१३ स्वास्थ्य संस्थाहरूमा प्रसूति केन्द्रको बिस्तार गरिनेछ साथै प्रसूतिकर्मीको क्षमता अभिबृद्धि गर्दै सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य सेवालाई सुदृढ गरिनेछ ।

४.१४ पूर्ण गर्भवती जाँच एबम संस्थागत सुत्केरी अभियानलाई निरन्तरता दिईनेछ ।

४.१५ जिल्ला /प्रदेश /संघ सँगको सहकार्यमा PMTCT कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४.१६ महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि द्रुत प्रतिकार्य समुह (आर.आर.टि.) लाई तयारी अवस्थामा राखिनेछ साथै उक्त कार्यलाई आवश्यक पर्ने औषधि तथा औषधिजन्य सामग्रीहरु तयारी अवस्थामा राखिनेछ ।

४.१७ क्षयरोग, कुष्ट रोग, मलेरिया तथा किटजन्य रोग सम्बन्धि नयाँ रोगी पत्ता लगाउन समय समयमा जोखिम स्थानहरु पहिचान गरी विभिन्न परिक्षण शिविर सञ्चालन गरिनेछ साथै जटिल प्रकारका क्षयरोगहरु (DR/SDR) लाई समयमै पहिचान तथा व्यवस्थापनको लागि पहल गरिनेछ।

४.१८ महिला स्वास्थ्य स्वयमसेविका हरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिनेछ ।

४.१९ स्वास्थ्य संस्थावाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापनका लागि आवश्यक पर्ने उपकरण तथा सामग्रीहरुको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।

४.२० सर्ने तथा नसर्ने रोगहरुको समयमै पहिचान,निदान तथा उपचार गर्न आवश्यकता अनुसार विशेषज्ञ सेवा सहितका स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।

४.२१ विद्यालय स्वास्थ्य कार्यक्रम र पोषण शिक्षालाई थप प्रभावकारी बनाउन विद्यालय नर्सिङ सेवा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४.२२ पोषण कार्यक्रम लाई थप प्रभाकारी बनाउन ओटीसी स्थापना तथा सुदृढीकरण गरिनेछ ।

४.२३ स्वास्थ्य संस्थामा गुणस्तर सुधार समिति गठन गरिनेछ र गुणस्तर सुधारका कार्यक्रमहरू लागू गरिनेछ।

४.२४ स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्दि गर्न समयानुकुल तालिमका लागि Onsite Coaching लगायत लामो तथा छोटो तालिमका लागि सम्वन्धित निकायहरुसंग समन्वय गरिनेछ ।

४.२५ स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

४.२६ समयानुकुल प्रभाव पार्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि स्थानिय पत्र पत्रिका र F.M. रेडियो मा सन्देश प्रकाशन तथा प्रशारण गरिनेछ ।

४.२७ स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री वनाइनेछ ।

४.२८ वर्थिङ सेन्टरमा औजार उपकरणको खरीद तथा व्यवस्थापनको लागि वजेट व्यवस्थापन गरिनेछ ।

४.२९ मानसिक तथा मनोसामाजिक समस्या भएका व्यक्तीहरुलाई आधारभूत स्वास्थ्य सेवा नीतिले अवलम्बन गरे अनुसार मानसिक स्वास्थ्य सेवामा सहज, सुलभ र समान पहुँच सुनिश्चित गरिनेछ ।

४.३० एच. आई. भी. प्रभावित अति विपन्न व्यक्तिहरुलाई पोषणका लागि आवश्यक सहयोग प्रदान गरिनेछ ।

## ५. खानेपानी तथा सरसफाई

५.१ शुद्ध खानेपानीको विस्तार गरिनेछ । सोका लागि पूर्वाधार विकासको पहल गरिनेछ ।

५.२ खानेपानी सरसफाई तथा स्वच्छता योजना (WASH PLAN) तयार गरी खानेपानी, सरसफाई तथा स्वच्छताको सेवा विस्तार गरिनेछ ।

५.३ फोहरमैला व्यवस्थापनको लागी स्थानीयबासी, सबै सरोकारवाला तथा छिमेकी स्थानीय तहहरुसँग समन्वय गरी आवश्यक कार्य अगाडी बढाईनेछ ।

५.४ गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउनका लागी विभिन्न सरोकारवालासँग समन्वय गरी आवश्यक कार्य अगाडी बढाइनेछ ।

## (ग) पूर्वाधार बिकास

१. जानकी गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यलाई पहिलो प्राथमिकता दिई निर्माण कार्य गरिनेछ ।

२. प्राथमिकताको आधारमा आयोजना निर्माण कार्य अगाडी बढाईनेछ ।

३. सडक यातायात गुरुयोजना पारिमार्जन गरिनेछ ।

४. वडा नं ५,६ र ७ को वडा कार्यालय भवन निर्माणको प्रकिया थालनी गरिनेछ ।

५. सडक चौडा गरि पक्की सडक निर्माण प्रकिया अगाडी बढाईनेछ ।

६. वातावरणमैत्री पूर्वाधार नीतिलाई अवलम्वन गरिने छ ।

७. क्रमागत आयोजनालाई निरन्तरता दिई अधुरा आयोजना यसै आ. व. मा सम्पन्न गरिनेछ

८. पक्की ढल निकास निर्माणमा जोड दिईनेछ ।

९. सार्वजनिक जग्गाको पहिचान गरि खुला क्षेत्रको अवधारणा अगाडी बढाईनेछ ।

१०. ठुला सडक किनारामा वृक्षारोपण कार्य अगाडी बढाईनेछ ।
११. घरको वर्गिकरण प्रकिया अगाडी बढाईनेछ ।
१२. भवन निर्माण संहिता, २०७२ मापदण्ड अनुसार भवन निर्माणको प्रकियालाई अघि बढाईनेछ ।
१३. **Building Bye Laws** निर्माणको प्रकिया अगाडी बढाईनेछ ।
१४. **उज्यालो जानकी सडक** कार्यक्रम अगाडी बढाईनेछ ।
१५. मंर्मत संभार कोषको स्थापना गरि भैपरि आउने निर्माण कार्यलाई व्यवस्थित गरिनेछ ।
१६. रानी जमरा कुलरिया सिंचाई आयोजनासँग समन्वय गरि पूर्वाधार निर्माणमा सहकार्य गरिनेछ ।
१७. संघीय तथा प्रादेशिक सरकारसँग पूर्वाधार विकासको लागि समन्वय तथा सहकार्य गरिनेछ ।
१८. वडा नं ५ र ७ मा आधारभुत स्वास्थ्य ईकाई भवन निर्माण प्रकिया थालनी गरिनेछ ।
१९. खेलमैदान निर्माणको लागि संघिय तथा प्रादेशिक सरकारसँग समन्वय तथा सहकार्य गरिनेछ ।
२०. हाम्रो पूर्वाधार, राम्रो पूर्वाधार बानाउन सरोकारवाला सँग समन्वय गरिनेछ ।

## (घ.) वन, वातावरण तथा विपद व्यवस्थापन

१. गाउँपालिकालाई हरित गाउँपालिका बनाउन **आफ्नो नाम आफ्नो रुख कार्यक्रम** लागु गरिनेछ ।
२. स्थानीय विपद जोखिम न्युनीकरण रणनितिक कार्ययोजना तथा विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरि जोखिमलाई न्यूनिकरण गर्दै लगिनेछ । स्थानीय विपद तथा जलवायु उत्थानशील योजनालाई क्रमागतरुपमा कार्यान्वयनमा ल्याईनेछ । यस्ता योजना तयारी तथा कार्यान्वयन गर्न विकास साझेदार सस्थाहरुसंग सहकार्य गरिनेछ ।
३. स्थानिय विपद व्यवस्थापन समिति तथा वडा विपद व्यवस्थापन समितिलाई क्षमता अभिबृद्धि तालिम सन्चालन गरिनेछ ।
४. स्थानिय आपतकालिन कार्य सन्चालन केन्द्रलाई स्तरउन्नती गरि व्यवस्थित रुपमा सन्चालन गरिनेछ ।
५. जल तथा मौसम विज्ञान विभाग लगायतका निकायसङ्ग समन्वय सहकार्य गर्दै पूर्वसूचना प्रणाली ,मौसम पूर्वानुमान आधारित पुर्वकार्य लगायतका गतिबिधिहरुलाइ थप महत्वका साथ अगाडी बढाइने छ ।

६. संभावित विपदसँग सामना गर्न आवश्यक औजार सहितको संयन्त्र निर्माण गर्नका साथै विभिन्न स्थानमा विपद्को पूर्व सूचना प्रणाली स्थापनाका लागी प्रदेश सरकार लगायत सरोकारवाला संघ, सस्थासँग समन्वय गरिनेछ ।
७. गाउँपालिकाको सम्भावित डुवान क्षेत्रमा उच्च भवन निर्माणका लागि पहल गर्नुका साथै उद्धार सामग्री (लाइफ ज्याकेट, रबर बोट, आदि)को व्यवस्था गरिनेछ ।
८. विपद सम्बन्धि कार्यक्रम समुदाय सँगसँगै विद्यालय स्तरमा समेत बिस्तार गरिनेछ ।
९. **बाढी उत्थानशील नमूना गाउँ घोषण** गरी संघसंस्थाहरु सँगको समन्वय तथा सहकार्यमा कार्यक्रमहरु सन्चालन गरिनेछ ।
१०. सामुदायिक वनको नियमन तथा व्यवस्थापनमा कडाई गरिनुका साथै आर्थिक पारदर्शिताका लागि जोड दिईनेछ ।
११. नदी कटानको जोखिम न्यूनीकरण गरी बस्ती तथा खेतीयोग्य जमिनको सुरक्षाको लागि कटान युक्त क्षेत्रमा प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा तटबन्ध निर्माणको कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।
१२. **दमकल तथा शववाहन सेवा** संचालनका लागि पहल गर्नुका साथै शवदह गृहलाई थप व्यवस्थित गर्ने प्रकृया अगाडी बढाईनेछ ।
१३. **विपद् व्यवस्थापन कोष**को स्थापना गरी विपद् सामाग्री भण्डारणका लागि गोदाम घरको व्यवस्था गरिनेछ ।
१४. सुधारिएको चुल्हो तथा बायो ग्याँस प्लाण्ट निर्माण कार्यलाई अभियानका रुपमा संचालन गरिनेछ ।
१५. प्राकृतिक श्रोत (ढुङ्गा, बालुवा, गिट्टी, दहत्तर बहत्तर) को उपयोगको नियमन गरिनेछ ।
१६. सौर्य उर्जा विस्तारमा विशेष जोड दिइनेछ ।
१७. विकास र वातावरण संरक्षण क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्था बीच समन्वय गरी एकद्धार प्रणालीबाट विपद् व्यवस्थापन कार्यक्रम सन्चालन गर्न जोड दिईनेछ ।

## (ङ) सुशासन तथा संस्थागत विकास

१. आवश्यकता अनुसार ऐन, नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बनाईनेछ ।
२. गाउँपालिका कार्यालय र सम्पूर्ण वडा कार्यालयहरुमा अनिवार्य रुपमा विद्युतीय प्रणालीबाट सेवा प्रवाहलाई निरन्तरता दिँदै कर्मचारीहरुको क्षमता अभिबृद्धि तालिमको व्यवस्था गरिनेछ ।
३. जानकी गाउँपालिकालाई प्रविधिमैत्री बनाईनेछ ।

४. कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनका आधारमा पुरस्कृत तथा दण्डित गरिनेछ ।
५. आन्तरिक राजश्वका दायरा विस्तार गरी राजश्व चुहावट नियन्त्रण गर्न सम्पूर्ण वडा कार्यालयहरुमा अनिवार्य रुपमा राजश्व व्यवस्थापन प्राणाली (RMIS) लागु गरि नियमित राजश्व दाखिला गर्ने करदातालाई पुरस्कृत तथा समयमा राजश्व दाखिला नगर्ने करदातालाई दण्डित गरिने व्यवस्था मिलाईनेछ ।
६. राजश्व सुधारका लागि राजश्व सुधार गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।
७. गैर सरकारी संघसंस्थाहरुले संचालन गर्ने कार्यक्रमहरु एकद्वार प्रणाली मार्फत लागु गरिनेछ ।
८. सडक बत्ती र CCTV Camera लगायतका सुरक्षा संयन्त्रको विकास र प्रवद्धन गरिनेछ ।
९. सार्वजनिक पद धारण गरेका सम्पूर्ण व्यक्तिहरुले स्वास्थ्य बिमा कार्यक्रममा अनिर्वाय रुपमा आवद्ध हुन उत्प्रेरित गरिनेछ ।
१०. गाउँपालिका अन्तर्गतका शाखा, इकाई तथा वडा कार्यालयहरुले अनिवार्य रुपमा प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।
११. कर्मचारीहरुले खाईपाईआएको साविकको १०% स्थानीय भत्ता आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिईनेछ ।
१२. गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी र नतिजाउन्मुख बनाउनका लागि शाखा प्रमुख तथा वडा सचिवहरुसँग कार्यसम्पादन सम्झौता गरिनेछ ।
१३. भूमीहिन दलित,भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समधान गर्न पहल गरिनेछ ।
१४. विकासका साझेदारहरुको समेत सहभागितामा प्रथामिकताका आधारमा आवास विहिनको पहिचान गरी आवश्यक कार्यहरुको थालनी गरिनेछ ।
१५. संचारकर्मीहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
१६. जानकी गाउँपालिकालाई सूचना मैत्री गाउँपालिका बनाईनेछ ।
१७. बडघर, भलमन्सा, चिराकी, गुरुवा, सुडेनी, वैध्य, केशौका, धामी झाँक्रीहरुका लागि आवश्यक कार्यक्रम सन्चालन गरिनेछ ।
१८. जानकी गाउँपालिका लाई मितव्ययी बनाईनेछ ।
१९. **"न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो"** भन्ने न्यायको सिद्धान्त लाई सार्थक बनाउन छिटो छरितो र सर्वसुलभ न्याय सम्पादन कार्यलाई विशेष जोड दिईनेछ ।

२०. सामुदायिक मेलमिलाप कर्ताहरुलाई मेलमिलाप सम्बन्धी पुर्नताजगी तालिमलाई निरन्तरता दिईनेछ।
२१. सुचिकृत मेलमिलापकर्ताहरुलाई वडा तहको विवाद समाधानमा सक्रिय बनाइनेछ ।
२२. न्यायिक समितिका क्षेत्राधिकार तथा मेलमिलाप सम्बन्धि सरोकारवाल सँग अन्तरक्रिया कार्यक्रम सन्चालन गरिनेछ ।
२३. बडघर भलमन्सा तथा सामजसेवी बुद्धिजिवीहरुको क्षमता अभिबृद्धि कार्यक्रम सन्चालन गरिनेछ ।
२४. मेलमिलापकर्ताहरुलाई सूचिकृत गर्न आवश्यक प्रकृया अवल्मबन गरिनेछ ।

## आदरणीय गाउँसभा सदस्यज्यूहरु,

प्रस्तुत् नीति तथा कार्यक्रमको कार्यान्वयनबाट **"शिक्षा, स्वास्थ्य, कृषि र वातावरण मैत्री पूर्वाधार : पहिचान सहितको जानकी गाउँपालिका विकासको मूल आधार "** को गन्तब्यमा पुगी समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्न हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्र बिन्दु आम नागरिक हुनेछन। सबैलाई समान अवसर,समान अधिकार उत्तिकै सुरक्षा उत्तिकै सम्मानको प्रत्यभूति गरिनेछ ।

अन्तमा, गाउँपालिकाको विकासमा साझेदारी र सहयोग गर्ने नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, गाउँसभा सदस्यज्यूहरु, विकास साझेदार संस्थाहरु, नागरिक समाज, राजनितिक दलका विज्ञ मित्रहरु, निजि क्षेत्र, गैर सरकारी संस्था, संचारकर्मि लगायत सम्पुर्ण कर्मचारी तथा गाउँवासी आमा बुवा, दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामि दिनमा पनि यहाँहरुको सहयोग निरन्तर रुपमा प्राप्त हुनेछ भन्ने आशा र अपेक्षा गर्दै मेरो सम्बोधन लाई यहि समापन गर्दछु ।

धन्यवाद।

गणेश चौधरी
अध्यक्ष

**२०७९ साल असार ७ गते मंगलबार ।**